सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मुलखर्क, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

सूचना नं. १४-२०८३/८४ *"संस्कृति, पर्यटन, कृषि र पूर्वाधारः समावेशी सुनकोशी समृद्धिको आधार"*


## औषधि उपचार बापत खर्च प्राप्त गर्ने लाभग्राहीहरूको दर्ता नवीकरण सम्बन्धी सूचना ।

(प्रकाशन मितिः २०८३/०४/१८)

प्रस्तुत विषयमा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम औषधि उपचार बापत खर्च प्राप्त गर्दै आएका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी तथा मेरूदण्ड पक्षघात भएका सुनकोशी गाउँपालिकाका स्थायी बासिन्दा लाभग्राहीहरूको दर्ता नवीकरण गर्नुपर्ने भएकोले तपसिल बमोजिमको मिति, समयमा र स्थानमा उपस्थित भई आवश्यक कागजात सहित दर्ता नवीकरण गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरू**

१. राष्ट्रिय परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२. नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. कार्यविधिको अनुसूची-१ बमोजिम चिकित्सकको सिफारिस।
४. कार्यविधिको अनुसूची-२ बमोजिम बिरामीको निवेदन।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस।

**तपसिल**

स्थानः स्वास्थ्य शाखा, सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मूलखर्क, ओखलढुङ्गा।
मितिः २०८३/०४/१९ गतेदेखि २०८३/०५/२० गतेसम्म।
समयः बिहान ९:०० बजेदेखि साँझ ५:०० बजेसम्म।

**थप जानकारीका लागि**

सावित्रा दाहालः ९८४३८०५६०६
निर्जल तामाङः ९७४६९९२५७४

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत